# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७८
# चिचिला गाउँपालिका,
# संखुवासभा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय

प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७८/७९

च.नं. ४३

मितिः २०७८/५/४


श्री अध्यक्षज्यू,
चिचिला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

...........................
(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय  व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्रसंख्या: २०७८/७९ मिति:२०७८।०५।०४

च.न: ३१

**श्री अध्यक्षज्यू**

**चिचिला गाउँपालिका,**

**गाउँ कार्यपालिकाको कार्यालय, संखुवासभा ।**

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **चिचिला गाउँपालिकाको** आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन । अन्तिम प्रतिवेदन पाना २० (बीस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. १ करोड ६ लाख ४२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १२ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २४ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु. १२ लाख ९२ हजार र पेश्की बाँकी रु. ५६ लाख ३८ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत चिचिला गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

## चिचिला गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७६।७७

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस पालिका अन्तर्गत ५ वडा, सभा सदस्य २९ जना, ८८.५३ व.कि.मी. क्षेत्रफल, ७०३५ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आर्थिक वर्ष २०७६।७७ को समग्र स्थानीय सञ्चित कोष, आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ । गाउँपालिकाको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन।

### गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ
### आ.ब. २०७६।७७ को एकिकृत आर्थिक विवरण

| | आय तर्फ | | रकम | सि.नं. | व्यय तर्फ | | रकम |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | | विवरण | रकम | |
| १ | गत वर्षको जिम्मेवारी | | ४२८९३५४०.७८ | १ | चालु खर्च | | १३२४७८३१५.९ |
| | क. नगद | ०.०० | | | क. वित्तीय समानिकरण अनुदान नेपाल सरकार | १६०६८५९.०० | |
| | ख. बैंक | ४२८९३५४०.७८ | | | ख. सशर्त अनुदान नेपाल सरकार | ५४०९०३६३.०० | |
| २ | राजश्व (आन्तरिक आय) | | ३७३९०१०९.०० | | ग. वित्तीय समानिकरण अनुदान प्रदेश सरकार | २०३७३७५.०० | |
| | क. आन्तरिक राजश्व | १०८४५१६८.४२ | | | घ. सशर्त अनुदान प्रदेश सरकार | १०२९७०३.०० | |
| | ख. राजश्व बाँडफाँड संघीय सरकार | २४७५४९४०.५८ | | | ङ. राजश्व बाँडफाँड नेपाल सरकार | २४७५४९४०.५८ | |
| | ग. राजश्व बाँडफाँड प्रदेश सरकार | १७९००००.०० | | | च. राजश्व बाँडफाँड प्रदेश सरकार | १४१८०००.०० | |
| | घ. अन्य आय | ०.०० | | | छ. आन्तरिक स्रोत | २१६७२९३३.२९ | |
| | | | | | ज. सामाजिक सुरक्षा कार्यक्रम | २०५४८०००.०० | |
| | | | | | झ. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | ४५२०५९.०० | |
| | | | | | ञ. स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | ४८६८०५३.०० | |
| | | | | २ | पूँजीगत खर्च | | ८६५२३४९१.०० |
| | | | | | क. वित्तीय समानिकरण अनुदान नेपाल सरकार | ४३९८१९२७.०० | |
| | | | | | ख. सशर्त अनुदान नेपाल सरकार | ७८३४५८५.०० | |
| | | | | | ग. विशेष अनुदान नेपाल सरकार | ४५९८८९६.०० | |
| | | | | | घ. वित्तीय समानिकरण अनुदान प्रदेश सरकार | २३२११९७.०० | |
| | | | | | ङ. सशर्त अनुदान प्रदेश सरकार | ६०६८४२५.०० | |
| | | | | | च. समपुरक अनुदान प्रदेश सरकार | ४२१२८२९.०० | |
| | | | | | छ. विशेष अनुदान प्रदेश सरकार | १९४०५०७.०० | |
| | | | | | ज. राजश्व बाँडफाँड नेपाल सरकार | ४१८२६९.०० | |
| | | | | | झ. आन्तरिक स्रोत | १५११६८५६.०० | |
| | | | | | ञ. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | ३००००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | वित्तीय हस्तान्तरण संघीय सरकार | | १४८५१९००० .०० | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | क. वित्तीय समानिकरण अनुदान | ६८८००००० .०० | | | क. चालु खर्च | | |
| | ख. सशर्त अनुदान | ७३७१९००० .०० | | | ख. पूँजीगत खर्च | | |
| | ग. विशेष अनुदान | ६०००००० .०० | | | ग. अन्य भुक्तानी | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २६६३६००० .०० | ४ | लगानी | | ०.०० |
| | क. वित्तीय समानिकरण अनुदान | ६९८०००० .०० | | | क. ऋण लगानी | ०.०० | |
| | ख. सशर्त अनुदान | ७६५६००० .०० | | | ख. शेयर लगानी | ०.०० | |
| | ग. समपुरक अनुदान | १०००००००.०० | | ५ | आन्तरिक आय खर्च | | |
| | घ. विशेष अनुदान | २००००००.०० | | ६ | धरौटी फिर्ता | ५१९००.०० | ५१९००.०० |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ०.०० | ०.०० | ७ | विभिन्न कोष खर्च | ३४०५१५४.०० | ३४०५१५४.०० |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | ०.०० | ०.०० | ८ | कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता | १९५९९६९२.०० | १९५९९६९२.०० |
| ७ | विभिन्न कोषतर्फको आय | ४४०४००२ | ४४०४००२ | | जम्मा खर्च | २४२०५८५२२.८७ | २४२०५८५५२.८७ |
| ८ | जनसहभागिता (नगद) | ०.०० | ०.०० | ९ | बजेट बाँकी (अन्तरसरकारी अख्तियारी) | | ५९७९८८८.०० |
| ९ | गत आ व को सामाजिक सुरक्षा फिर्ता | ०.०० | ०.०० | | क. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण (चालु) | ५७०९४१.०० | |
| १० | धरौटी आय | १३९७५६३.०० | १३९७५६३.०० | | ख. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण (पूँजीगत) | १५४०००.०० | |
| ११ | लगानीको सावाँ फिर्ता | ०.०० | ०.०० | | ग. सामाजिक सुरक्षा कार्यक्रम | ५१२३०००.०० | |
| १२ | अन्य आम्दानी (अन्तर सरकारी अख्तियारी) | | ३१८७८०००.०० | | घ. स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | १३१९४७.०० | |
| | क. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण (चालु) | १०२३०००.०० | | १० | मौज्दात रकम (संचित कोष) | | |
| | ख. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण (पूँजीगत) | १८४०००.०० | | | क. नगद मौज्दात | ०.०० | ०.०० |
| | ग. सामाजिक सुरक्षा कार्यक्रम | ५००००००.०० | | | ख. बैंक मौज्दात | | **४२७३५५९२.९१** |
| | घ. स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | २५६७१०००.०० | | | 1. वित्तीय समानिकरण अनुदान नेपाल सरकार | २३२१२२१४.०० | |
| | | | | | 2. सशर्त अनुदान नेपाल सरकार | ०.०० | |
| | | | | | 3. वित्तीय समानिकरण अनुदान प्रदेश सरकार | २६२१४२८.०० | |
| | | | | | ४. सशर्त अनुदान प्रदेश सरकार | ०.०० | |
| | | | | | 5. राजश्व बाँडफाँड प्रदेश सरकार | २९२०००.०० | |
| | | | | | ६. आन्तरिक स्रोत | १६६०९९५०.९१ | |
| | | | | ११ | धरौटी मौज्दात | १३४५३६३.०० | १३४५३६३.०० |
| | | | | १२ | विभिन्न कोष मौज्दात | ९९८८४८.०० | ९९८८४८.०० |
| | जम्मा | २९३११८२१४.७८ | २९३११८२१४.७८ | | **जम्मा** | २९३११८२१४.७८ | २९३११८२४४.७८ |

| दफा नं. | गो.भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|

उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

१. **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिश, नाता प्रमाणित,, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिश, निशुल्क सिफारिश लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरि अभिलेखिकरण गरिनु पर्दछ ।पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

| सेवा प्रवाहको विवरण | निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|
| नागरिकता सिफारिस | २५४ | २५४ |
| घरबाटो सिफारिस | ७१ | ७१ |
| नात प्रमाणित | ६४ | ६४ |
| जन्म दर्ता | १८७ | १८७ |
| मृत्यु दर्ता | ८० | ८० |
| विवाह दर्ता | १९ | १९ |
| वसाई सराई | ४४ | ४४ |
| सम्बन्ध विच्छेद | ७ | ७ |
| **जम्मा** | ७२६ | ७२६ |

२. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐन अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।

| | | |
|---|---|---|
| | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• पालिकाले आ.व. ७६/७७ मा तलब खर्च गर्दा तलबी प्रतिवेदन पारित नगरी खर्च गरेको छ ।<br>• कार्यालयले आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमको मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था गरेको पाइएन ।(प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को २० को नियम ९४)<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना र फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ वमोजिम तालुक कार्यालयले निरीक्षण गरेको लिखित अभिलेख राख्ने नगरेको ।<br>उपर्युक्त कमिकमजोरी हटाई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्दछ । | |
| ३. | **लक्ष्य/प्रगति स्थिति –** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २० (१) र नियम २६ बमोजिम अनुसुची ३ को ढाँचामा बजेट खर्च समेत देखिने गरी चौमासीक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक प्रगति तयार गरेको छैन । सो पेश नभएबाट बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन । | |
| ४. | **स्थानीय तथ्यांङ्क र अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्यांङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । पालिकाको प्रोफाईलका लागि यस वर्ष कार्य भए पनि अन्तिम प्रतिवेदन नआएकोले आधारभूत तथ्यांकको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्य अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ५. | **कार्यक्रमगत खाताः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३३ (२) र (३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत एकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| ६. | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद | |

| | | |
|---|---|---|
| | प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ । | |
| ७. | **जिन्सी लगत र संरक्षणः** आर्थिक कायंविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सि निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पुर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई खर्च भएर नजाने जिन्सी खाता व्यवस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| ८. | **परामर्शदाताः-** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यबस्था गरेको छ । कार्यालयले योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्न ७ परामर्शदातालाई रु. ६४५३४४१। भुक्तानी गरेको छ । कार्यालयको जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ । स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नुपर्दछ । | |
| ९. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको पुजिगत खर्चको विवरण अनुसार प्रथम चौमासिकमा १०.३६ प्रतिशत दोस्रोमा १२.५५ प्रतिशत र तेस्रो चौमासिकमा ७७.०९ प्रतिशत खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिकमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १०. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित **५५** दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २८ जना पदपूर्ती भएको देखिन्छ ।प्राप्त विवरण अनुसार २७ पदहरु रिक्त रहेका छन् ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुदा रिक्त पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११. | **कर्मचारी करार** –स्थानीय सरकार सञ्चालन ऐन**,** २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्बेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।पालिकाले स्थायी दरबन्दी पूर्ती नगरी पालिकाले विभिन्न पदमा १५ जना पालिकातर्फ र स्वास्थ्य तर्फ १२ कर्मचारीहरु गरी कुल २७ जना करारमा राखेको छ। ऐनको व्यवस्था अनुसार हुनु पर्दछ । | |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १२. | **कानून र सञ्चालन स्थिति** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा | |

| | | |
|---|---|---|
| | सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन र ३८ कार्यविधि गरी ४४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १३. | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो बर्ष थप भएको १० गरी कुल १० विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई बाँकी ३ वटा देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| १४. | **अनुगमन भत्ताः** प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची १ (क) अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यलाई तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । द्रष्टव्य खण्डमा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले पदाधिकारीहरुलाई ऐन बमोजिम मासिक रु.५२०००। ले बार्षिक रु.६२४००० भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश भएको देखिएन । | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| १५. | **अभिलेखः** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |
| १६. | **कर अनुमान र संकलन -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । आय शीर्षकमा यस वर्ष प्रक्षेपण गरेको भन्दा वास्तविक आय संकलनमा घटी देखिएबाट आयको अनुमान भरपर्दो देखिएन । आय अनुमानलाई वैज्ञानिक बनाई प्रक्षेपित आय संकलन गर्नमा पालिकाको ध्यान जानुपर्दछ । | |
| | **राजस्व तर्फ** | |
| १७. | **राजस्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ । पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । बैंक मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन् । नगदी रसिद मार्फत नगद राजस्व असूल गरेको छ । नगदी रसिदको ठेली आम्दानी , खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन । | |
| १८. | **आन्तरिक आयको अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, बित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• मासिक राजस्वको फाँटवारी तयार नगरेको ।<br>• मासिक राजस्वको फाँटवारी तयार नगरेको ।<br>• राजस्व समयमा दाखिला नगरेको ।<br>• प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको । | |

- राजस्वको बैंक हिसाब मिलान विवरण मलेप १०९ तयार नगरेको
- वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको
- वडागत तथा शिर्षकगत राजस्व संकलन रकमको विवरण प्राप्त नभएको ।

कार्यालयवाट आर्थिक वर्ष भरि कति नगदि रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भई कति रसिदको आम्दानी गर्न वाँकि छ सो देखिने विवरण लेखापरिक्षणको लागि पेस भएन । रसिद नम्वर र वैक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ नगरि वैकमा आम्दानी भएको र राजश्व असुल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन ।

१९. **रसिद नियन्त्रण खाताः** गाउंपालिकाले नगदी रसिद नियन्त्रण खाता (म.ले.प.फा.नं.९०४ साविक ११८) तयार नगरेकोले सो खाताले गत वर्षको रसिद ठेलि के कति बांकि थियो, उक्त रसिद ठेलिहरु यस वर्ष प्रयोग भयो कि भएन भन्ने विवरण प्राप्त भएन । रसिद ठेलिहरुको आम्दानी, खर्च र बांकिको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ ।

**आयकर एवं मू.अ.कर**

२०. **भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर घटी कट्टी गरेकोले नपुग कर असुल हुनुपर्ने रु. ११२४५

| भौ.नं. र मिति | विवरण | कर विवरण | कर कट्टी | | कर असूल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | | | भएको | हुनुपर्ने | |
| **चालु तर्फ** | | | | | |
| ९२-१२।११ | साक्षरता घोषणा कार्यक्रम महेन्द्र राई पे.फ. | आकस्मिक लाभ कर | ० | ८००० | ८००० |
| | | अग्रीम कर | ० | ३२४५ | ३२४५ |
| | | | | **जम्मा** | ११२४५ |

**उपभोक्ता समिति मार्फत कार्य**

२१. **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण समाग्रीको गुणस्तर परीक्षण गरि गुणस्तरीय कार्य भएको सुनिश्चत हुनुपर्दछ ।

२२. **एजविल्ट नक्सा पेश नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन ।सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन ।सम्पन्न योजनामा पेश भएको नपाइएकोले नियमको व्यवस्था अनुसार कार्य हुनुपर्दछ ।

२३. **मर्मत सम्भार कोष**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम १५ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यक्रम सञ्चालन गर्न उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत

| | | |
|---|---|---|
| | सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कोषमा रकम व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषमा रकम जम्मा गरिनुपर्दछ । | |
| २४. | **लागत सहभागिता –** पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २५. | **आनुपातिक कट्टी** : उपभोक्ता समितिसँगको सम्झौता रकम भन्दा कममा काम सम्पन्न भई कार्य सम्पन्न हुँदा कार्यालयले व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्नेमा देहायका योजनामा आनुपातिक कट्टा नगरी बढी भुक्तानी गरेको पाइएकोले असुल गर्नुपर्ने रु. | ५७६७३। |

| भौ.नं.र मिति | योजनाको नाम | लागत अनुमान | कार्यालयले व्यहोर्ने रकम (कन्टीन्जेन्सी बाहेक) | कार्य सम्पन्न रकम | कार्यलयले व्यहोरेको रकम(कन्टीन्जेन्सी बाहेक) | कार्यलयले व्यहोर्नुपर्ने रकम | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १०-३/४ | फेन्जुङ साना सिँचाई योजना | ४१५०२५.७४ | ३४१२५० | ४०६९९३.६६ | ३४१२५० | ३३४६४५.७२ | ६६०४.२८ |
| ५२-१२/१० | सोभाङ्गमा खेलमैदान निर्माण | ८२६९७४.७६ | ६८२५०० | ८११६७२.७९ | ६८२५०० | ६६९८७१.३३ | १२६२८.६७ |
| ७-३/३० | २ नं.वडा भवन निर्माण | २३४६०६६.७१ | १९५०००० | २२१७८४५.५० | १८८१८६५ | १८४३४२५.३० | ३८४३९.७० |
| | **जम्मा** | **३५८८०६७.२१** | **२९७३७५०** | **३४३६५११.९५** | **२९०५६१५** | **२८४७९४२.३५** | **५७६७२.६५** |

| | | |
|---|---|---|
| | **चालु तर्फ** | |
| २६. | **आर्थिक सहायता –** सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपुर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । पालिकाले आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७५ निर्माण गरी विभिन्न कार्यक्रमबाट आर्थिक सहायता स्वरुप रु ९९९९९८ भूक्तानी गरेको छ । | |
| २७. | **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना गर्न इन्धन खर्चको मापदण्ड तयार नगरी इन्धनमा रु ३३०,४८२.२ खर्च गरेको छ । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| २८. | **करारमा शिक्षकः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्बेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । शिक्षा नियमावली २०५९ को नियम ९७ मा स्वीकृत दरबन्दीमा स्थायी नियुक्ती हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ती गर्नुपरेमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सकिने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा विभिन्न तहमा करारमा शिक्षक नियुक्ती गरी आन्तरिक श्रोतबाट रु ७५६७२२९। खर्च लेखेको छ । दरबन्दी अनुसार स्थायी पदपूर्ति गर्ने कुरामा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| २९. | **बैठक भत्ताः** १६-६।३० प्रदेश नं. १ को गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ को अनुसूची १ क मा पदाधिकारीहरुले प्रति वैठक रु १००० बैठक भत्ता पाउने व्यवस्था छ । तर देहाय पदाधिकारी तोकिएको सुविधा रु १००० भन्दा बढी बैठक भत्ता बुझेको हुँदा बढी भुक्तानी रकम असूल हुनुपर्ने रु | ८५०० |

| वडाध्यक्ष | पटक | बढी दर | असूल हुनुपर्ने |
|---|---|---|---|
| वडा न. १ | २ | १००० | १७०० |
| वडा न. २ | २ | १००० | १७०० |
| वडा न. ३ | २ | १००० | १७०० |
| वडा न. ४ | २ | १००० | १७०० |
| वडा न. ५ | २ | १००० | १७०० |
| **जम्मा** | | | **८५००** |

३०. **पदाधिकारीबाट आर्थिक कारोबारः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा उपदफा (२) बमोजिमको अख्तियारी प्राप्त भएको पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनु पर्ने व्यवस्था गरेको छ । पालिकाका वडाका पदाधिकारीहरु आर्थिक कारोबारमा प्रत्यक्ष रुपमा संलग्न भई खर्च गर्ने गरेको पाइयो । नीति निर्माण गर्ने र कार्यान्वयन गराउने जिम्मेवारी बोकेको जननिर्वाचित पदाधिकारीहरुले नै आर्थिक कारोवारमा संलग्न रहँदा आन्तरिक नियन्त्रण व्यवस्था कमजोर देखिन्छ ।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं. र मिति | पद | नाम | रकम | प्रयोजन |
|---|---|---|---|---|
| ५३-१०।१७ | वडाध्यक्ष वडा न. १ | चन्द्र ब. गुरुङ | १८३२० | वडा संचालन खर्च |
| ७९-१२।१० | वडाध्यक्ष वडा न. ५ | मन ब. राई | १९३५० | वडा संचालन खर्च |
| १०७-१।३० | वडाध्यक्ष वडा न. ३ | गजेन्द्र ब. राई | १३७९० | वडा संचालन खर्च |
| १९३-३।३० | वडाध्यक्ष वडा न. १ | चन्द्र ब. गुरुङ | ३९३८५ | वडा संचालन खर्च |
| | वडाध्यक्ष वडा न. ३ | गजेन्द्र ब. राई | ९३०९ | वडा संचालन खर्च |
| | वडाध्यक्ष वडा न. ४ | हर्क ब. गुरुङ | २१७५० | वडा संचालन खर्च |

३१. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी साना साना रुपमा खरीद गर्न नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले निम्नानुसार सप्लार्यसबाट सोझै खरिद गरेकोले नियमित नदेखिएको रु. १२९२६३१

| भौ.नं.र मिति | सप्लायर्सको नाम | रकम |
|---|---|---|
| **मसलन्द तथा कार्यालय सामाग्री** | | |
| ११-६।१५ | युनिक प्रेस | २७२६८९ |
| १७२-३।१७ | युनिक प्रेस | ४१९२४१ |
| **जम्मा** | | **६९१९३०** |
| **कम्प्युटर सम्बन्धी सामाग्री** | | |
| १४९-३।९ | बज्र क्रियटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | ३२८८१२ |
| १५०-३।९ | बज्र क्रियटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | १०९८२७ |
| १५१-३।९ | बज्र क्रियटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | २९६०२ |
| १६४-३।१४ | बज्र क्रियटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | ७८९४० |
| १९४-३।३० | बज्र क्रियटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | ५३५२० |
| **जम्मा** | | **६००७०१** |
| **कुल जम्मा** | | **१२९२६३१** |

३२. **खेलकुद विकास कार्यक्रमः** गाउँपालिकाले खेलकुद विकास कार्यक्रम तर्फ विभिन्न संघ संस्थाहरुलाई विभिन्न खेलकुद सामाग्री खरिद, विभिन्न खेलमा सहभागी भएबापत सहयोग, विभिन्न प्रतियोगिता सञ्चालन आदि जस्ता

कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त संघहरुले खरिद गरेको सामाग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता संस्थाहरुलाई पालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति सामानको सदुपयोग बारे पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ साथै नतिजामूलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । खेलकुद विकास कार्यक्रम अन्तगर्त भुक्तानी भएको केही उदाहरणहरुः

| **गो.भौ.नं.** | **संघको नाम** | **भुक्तानी** |
|---|---|---|
| ४२-९।२८ | वडास्तरीय खेलकुद समिति वडा ४ | १००००० |
| ४३-९।२८ | वडास्तरीय खेलकुद समिति वडा ५ | १५०००० |
| १३७-२।२९ | वडास्तरीय खेलकुद समिति | १५०००० |
| १६०-३।१२ | चिचिला गाउँपालिका खेलकुद समिति | १३१६६५ |

३३. **वितरणमुखी कार्यक्रमः** १९८-३।३१ पालिकाले यस आवमा जेष्ठ नागरिक सम्मान कार्यक्रममा रु १९३८०० खर्च गरेकोमा कुल १०२ जना जेष्ठ नागरिकलाई रु.१९००. का दरले भत्ता वितरण गरेको देखियो । पालिकाको आन्तरिक आम्दानी कम भएकोमा वितरणमुखी कार्यमा कार्यक्रम सञ्चालन गर्नु मनासिव देखिएन ।

३४. **पशु सेवा कार्यक्रमः** यस वर्ष पशु विकास कार्यक्रम तर्फ पशुपालक कृषकहरुलाई बोकाको विउ, पाठा पाठी, बंगरको पाठा पाठी, कुखुरा लगायतका पशुपन्क्षीहरु निशुल्क वितरण, गाई, बाख्रा, बंगुर तथ कुखुराको औषधि वितरण लगायतका कार्यक्रमहरु सञ्चालन गरी गाउँपालिकाले पशु विकास कार्यक्रममा खर्च गरेको छ । पालिकाले अनुदान प्राप्त गर्ने लाभग्रहीको अभिलेख विवरण अद्यावधिक नगरेकाले वास्तविक अनुदान पाउन योग्य किसानहरुले नै पायो भन्ने सकिएन । वितरित वोयर वोकाको अनिवार्य पशु विमा गराएको र सो को अनुगमन अभिलेख पेश भएको छैन । अनुदान वितरणबाट कृषकको जिवनस्तरमा कस्तो सुधार आयो, गत वर्ष र आगामी आर्थिक वर्षमा एउटै लाभग्राही दोहोरीने सम्भावनालाई मध्यनजर गर्दै अनुदान पाउने लाभग्राहीहरुको अभिलेख राखु पर्ने देखिन्छ । वर्षभर भएका कार्यक्रमहरुको प्रगतिबारे समिक्षा हुनुपर्दछ ।

३५. **अनुदानको अनुगमन** –सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद, विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।

**गाउँपालिका पुँजिगततर्फः**

३६. **निर्माण व्यवसायीबाट कार्य** ६-२०७६/५/२७ ओराङ खोला एकान्त सडक खण्ड ट्र्याक निर्माणको लागि उ.स.सगको २०७६/४/२४ को सम्झौता अनुसार पालिकाको रु.४०००००० र उपभोक्ताको श्रमदान रु.४५५३२९.८६ समेत रु.४४५५३२९.८६ मिति २०७६/१२/३० सम्ममा कार्य सम्पन्न गर्नु पर्ने उल्लेख थियो ।तर समितिले निर्माण व्यवसायी रानीढुङ्गा निर्माण सेवा प्रा.लि.बाट कार्य गराई निजको २०७६/५/२७ को २ वटा बीजकबाट मु.अ.कर रु.४६०१७७ समेत रु.४०००००० पेश भएकोमा पालिकाबाट दिने रकममा २.५ प्रतिशत रु.१००००० कन्टिन्जेन्सी कट्टाई रु.३९००००० मा १५ प्रतिशत कर कट्टाई रु.३८४८२३० समितिलाई भुक्तानी गरेको छ।कार्य सम्पन्न प्रतिवेदनमा मु.अ.कर रु.५१५९१८.३१ कन्टिन्जेन्सी रु.१००००० समेत रु.४४८४५२०.६५ को तयार गरेको छ। समितिको के कति रकम बराबरको कार्य श्रमदान गरेको हो बिल तथा कार्य सम्पन्न प्रतिवेदनमा खुलाएको छैन। अतः समितिले पाएको कार्य निर्माण व्यवसायीबाट गराई एकमुष्ट बिलमा नै श्रमदान समावेश भएको देखिन्छ।नियमानुसार समितिले श्रमदान गर्न भनेको रकम खुल्नु पर्दछ।मेशिन प्रयोग गरी गरेको कार्य नियमानुसार देखिदैंन।

३७. **हेभी मेशिनका प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई पालिकाको सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु तपशिल बमोजिम रहेका छन ।व्यवसायीको बिलमा मु.अ.कर रु.१६९७५३४ जोडी भुक्तानी गरेकोमा पालिकाबाट ५० प्रतिशत मु.अ.कर रु.१६९७५३४ कट्टी गरेकोमा कर वापतको रकम दाखिला भए नभएको एकिन पनि भएन।

| भौ.नं.र मिति | उपभोक्ता समिति | निर्माण/व्यवसायी | बिल नं.र मिति | जम्मा भुक्तानी | मु.अ.कर |
|---|---|---|---|---|---|
| ६-५/२७ | ओराङ खोला सकान्ते सडक ट्र्याक ओपन | रानी ढुङ्गा नि.से.प्रा.लि. | २-५/२७ | ४०००००० | ४६०१७७ |
| १२/६/२०१६ | याक्सा गाउँ दोभान सडक | अरुण वरुण नि.से.कं.प्रा.लि. | ५-६/१५ | १०००००० | ११५०४४ |
| २३-९/२८ | सिरुवारी फाकादाम ट्र्याक ओपन | रानी ढुङ्गा नि.से.प्रा.लि. | ८-९/२८ | १२००००० | १३८०५३ |
| ३२-१०/१६ | बर्खे कान्तेखोला तल्लो बर्खे | रानी ढुङ्गा नि.से.प्रा.लि. | १४-१०/१६ | ६७९८५८ | ७८२१४ |
| ६७-१/२९ | पन्थखन्के खोलाधारी सडक मर्मत | रानी ढुङ्गा नि.से.प्रा.लि. | ३७-१/२९ | ५८८७७९ | ६७७३६ |
| ६८-१/२९ | थरीगाउँ सोवक मोटरबाटो | स्मृति निर्माण सेवा | १२-१/२१ | ७७९७०० | ८९७०० |
| ७०-१/३० | धुवाँ छाँगा ट्र्याक ओपन | रानी ढुङ्गा नि.से.प्रा.लि. | ३९-१/३० | ८२३०७४ | ९४६९० |
| ८२-२/१९ | आहाले इम्चोङ्ग सडक | रानी ढुङ्गा नि.से.प्रा.लि. | ४१-२/९ | ६३८४५० | ७३४५० |
| ९५-३/३ | चिचिला समाधिस्थल | रानी ढुङ्गा नि.से.प्रा.लि. | ४३-३/३ | ११२२४५९ | १२९१३२ |
| ११५-३/१५ | चिचिला आरुबोटे सडक स्तरोन्ती | रानी ढुङ्गा नि.से.प्रा.लि. | ३/१४ | ९५५७३० | १०९९५१ |
| १२३-३/२६ | कुवापानी ३ नं.वडा कार्यालय ट्र्याक ओपन | रानी ढुङ्गा नि.से.प्रा.लि. | ३/२४ | २०४८८५० | २३५७०८ |
| १३८-३/२९ | मिङगुमा सडक स्तरोन्ती | रानी ढुङ्गा नि.से.प्रा.लि. | ३/२७ | ९१८५९३ | १०५६७९ |
| | | **जम्मा** | | **१४७५५४९३** | **१६९७५३४** |

३८. **घटी कर** ६-२०७६/५/२७ ओराङ खोला सक्रान्ते सडक खण्ड ट्र्याक ओपन उपभोक्ता समितिलाई कार्यको विल भुक्तानी गर्दा हेभी मेशिन प्रयोग गरे वापत व्यवसायी रानी ढुङ्गा निर्माण सेवा प्रा.लि.को बिल रकम रु.३५३९८२३ को १.५ प्रतिशत कर रु.५३०९७.३५ कट्टी दाखिला हुनु पर्नेमा रु.५१७७० मात्र गरेकोले घटी असुल हुनु पर्ने रु. १३२७.३५

३९. **विजक नम्बर केरमेट** मु.अ.कर दर्ता नं.६०४२८३४८५ भएको निर्माण व्यवसायी रानीढुङ्गा निर्माण सेवा प्रा.लि.को हेभी मेशिन प्रयोग गरी निम्न उपभोक्ता समितिले विल पेश गर्दा मेशिन भाडा रकममा मुल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोमा विजक नम्बर केरमेट गरी पेश गरेको उक्त कर रकम सम्बन्धित कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु. ४३७८३६

| भौ.नं.र मिति | उपभोक्ता समिति | विजक मिति | जम्मा बिल | मु.अ.कर |
|---|---|---|---|---|
| ११५-३/१५ | चिचिला आरुबोटे सडक स्तरोन्नती | ३/१४ | ९५५७३० | ९२३०७ |
| १२३-३/२६ | कुवापानी वडा नं.३ कार्यालय ट्र्याक ओपन | ३/२० | २०८४८५० | २३९८५० |
| १३८-३/२९ | मिङगुमा सडक स्तरोन्नती | ३/२७ | ९१८५९३ | १०५६७९ |
| **जम्मा** | | | **३९५९१७३** | **४३७८३६** |

४०. **सफ्टवेयर स्वीकृत १०७-२०७७/३/९** स्वास्तिक नेक्भाइन्डस प्रा.लि. विराटनगरसँग २०७७/२/३० मा सम्झौता अनुसार योजना तथा कार्यक्रम सम्बन्धी सफ्टवेयर (Web Application) जडान गरे वापत रु.२८२५०० भुक्तानी गरेको छ।उक्त सफ्टवेयर मान्यता प्रप्त संस्थाबाट प्रयोग योग्य र सुरक्षित भए नभएको स्वीकृत Technical Specification अनुसार भए नभएको प्राविधिक जाँच भएको पनि देखिएन। अतः स्वीकृत

| | | |
|---|---|---|
| | प्राप्त Software मात्र पालिकाले प्रयोगमा ल्याउनु पर्दछ। | |
| ४१. | **जिन्सी अभिलेख ५५-२०७६/१२/११** बज्र ट्रेड खाँदबारीलाइ २०७६/११/१५ को सम्झौता अनुसार १२ वटा विद्यालयलाई १५ कम्प्युटर र प्रिन्टर १२ तथा वडा कार्यालयलाई ५ कम्प्युटर खरिद गरी रु.१७३०९३४ भुक्तानी गरेको छ।खरिद मध्ये रु.१२७०३७५.२० मुल्यका निम्न सामाग्रीहरु विद्यालयहरुलाई हस्तान्तरण भएकोमा विद्यालयले दाखिला गरेको सक्कल जिन्सी अभिलेख पेश गरेको देखिएन। | |

| क्र.सं. | विद्यालय | कम्प्युटर | प्रिन्टर | मुल्य |
|---|---|---|---|---|
| १. | दिदिङ आ.वि.चिचिला-३ | १ | १ | १०५८६४.६० |
| २. | धर्मदेवी मा.वि.-५ | १ | १ | १०५८६४.६० |
| ३. | मच्छेपोखरी आ.वि..-४ | १ | १ | १०५८६४.६० |
| ४. | जालपा मा.वि.-३ | १ | १ | १०५८६४.६० |
| ५. | सरस्वती मा.वि.-४ | १ | १ | १०५८६४.६० |
| ६. | धर्मदेवी प्रा.वि.-५ | १ | १ | १०५८६४.६० |
| ७. | शारदा आ.वि.-१ | १ | १ | १०५८६४.६० |
| ८. | शिला आ.वि.-१ | १ | १ | १०५८६४.६० |
| ९. | जनता आ.वि.-१ | १ | १ | १०५८६४.६० |
| १०. | सिँहदेवी आ.वि.-४ | १ | १ | १०५८६४.६० |
| ११. | खर्कु आ.वि.-३ | १ | १ | १०५८६४.६० |
| १२. | भाटभाटेनी आ.वि.-५ | १ | १ | १०५८६४.६० |
| | **जम्मा** | | | **१२७०३७५.२** |

| | | |
|---|---|---|
| | **स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| ४२. | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस पालिकाले मकालु हिरक पार्क निर्माण समितिसँग मकालु हिरक पार्क निर्माण गर्न जनश्रमदान समेत रु ४९५२०३५।६० को लागत अनुमानमा सम्झौता गरेको देखिन्छ । यसमा देखिएका व्यहोरा निम्नानुसार छः | |
| ४२.१. | समितिलाई जनश्रमदान, कर लगायतका रकम कट्टी गरी भुक्तानी गर्नुपर्नेमा सो नगरी २ पटक गरी कुल रु ४८०२४१२ भुक्तानी भएकोमा बढी भुक्तानी भएको रकम रु ६७६६५९ असूल गरि फिर्ता दाखिला भएको देखिन्छ । | |
| ४२.२. | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्याविधि) नियमावली, २०७६ को नियम १५ बमोजिम कार्यसम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । नियमानुसार कार्यसम्पन्न पश्चात सार्वजनिक परीक्षण तथा अनुगमन तथा मूल्याङ्कन गरेको पाइएन । | |
| ४२.३. | यस योजनामा उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा रानीढुंगा निर्माण सेवा प्रा.लि. को एक्जाभेटर प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत गरिएको आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको रोजगारी सृजना गर्ने मुख्य उद्देश्य पुरा नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । | |
| ४२.४. | **कर बिजकः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा अनुसूची-५ बमोजिमको ढाँचामा विजक जारी गर्नुपर्ने, सिलसिलेवार विजक हुनुपर्ने, विजक र मिति केरमेट भएकोलाई भुक्तानी गर्न नहुने व्यवस्था भएकोमा समितिले भुक्तानी लिने क्रममा पेश गरेको बिल भरपाईमा रानीढुंगा निर्माण सेवा प्रा.लि. भ्याट नं. ६०४२८३४८५ को बिजक नं. ०३१ लाई केरमेट गरी ५६ बनाएको पाइयोले बिल बराबरको रकम भ्याट समेत रु ३०२८४०२।७२ को यथार्थता एकिन गर्न सकिएन ।अत मु अ कर दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु | ३४८४००.३१ |

| | | |
|---|---|---|
| | **शिक्षातर्फ** | |
| ४३. | **विद्यालयगत निकासा रजिस्टर्ड –** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राखु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राखु पर्दछ । | |
| ४४. | **शौचालय निर्माणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.११.१.२.१(८.६) अनुसार शौचालयको ड्रइङ डिजाइन शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट स्वीकृत भए अनुसारका आधारममा निर्माण गर्ने भनी उल्लेख गरेको छ। तर गाउँपालिका आफैले डिजाइन स्वीकृत गरी शौचालय निर्माण गरी कार्य सम्पन्न पेश गरेको देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना गरी कार्य हुनु पर्दछ । | |
| | (तालिका तल) | |

| क्र.सं. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १. | पञ्चकन्या आ.वि. | ७००००० |
| २. | धर्मदवी आ.वि. | ७००००० |
| | **जम्मा** | १४००००० |

| | | |
|---|---|---|
| ४५. | **बढी मसलन्द खर्च भुक्तानीः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.२.७.१३.१०(५.१) मा सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सञ्चालनार्थ प्रति विद्यालय कक्षा (१-५) लाई रु.१५०००, कक्षा (१-८) लाई रु.२००००, कक्षा (१-१०) लाई रु.२५००० र कक्षा (१-१२) लाई रु.३०००० अनुदान दिने प्रावधान रहेको छ। पालिका अन्तर्गत सञ्चालनमा रहेका (१-५) १२ वटा विद्यालय, (१-८) ४ वटा विद्यालय र (१-१०) ४ वटा विद्यालयलाई जम्मा रु.३६०००० निकासा गर्नु पर्नेमा रु.४२०००० निकासा गरेको पाइएकोले बढी निकासा सम्बन्धितबाट असुल गरी संघीय राजस्वमा दाखिला गर्नुपर्ने रु. | ६०००० |
| ४६. | **मूल्य अभिवृद्धि करः** मुल्यअभिवुद्धि कर ऐन, २०५२ को दफा ५ मा वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने सोलार प्यानलमा कर छुट भनी उल्लेख गरेको छ । कार्यालयले भौ.नं.५६ र मिति २०७७।०३।१६ मा सनराइज इनर्जी हाउसबाट सोलार प्यानल खरिदको रु.२४०००० बिलमा रु.३१२०० मु.अ.कर भुक्तानी गरेको पाइएकोले सो रकम असुल गरी दाखिला गर्नपर्ने रु. | ३१२०० |
| | **स्वास्थ्य तर्फ** | |
| ४७. | **अभिलेख व्यवस्थापनः** स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७५।७६ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४८. | **निशुल्क औषधी खरिद र वितरण –** पालिकाले यस वर्ष सशर्त अनुदानबाट औषधीहरु खरिद गरि स्वास्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ । खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा प्राप्त विवरणमा कही औषधीहरुको मौज्दात शुन्य देखाएको छ । पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५.७६ अनुसार अथोराइज्ड स्टक लेभल (ASL)र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ । | |

| | औषधी मौज्दातको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **औषधीको नाम** | **गा.पा.बाट खरीद** | **स्वास्थ्यकार्यालयबाट प्राप्त** | **जम्मा** | **खर्च** | **बाँकी** |
| १. | Amoxiline 250 mg | ७००० | ५०० | ७५०० | ७५०० | ० |
| २. | salbutamol 4 mg | ० | २६०० | २६०० | २५०० | १०० |
| ३. | Amoxiline 500 mg | २१००० | १७०० | २२७०० | १५००० | ७७०० |
| ४. | Dexycyline | १५०० | ० | १५०० | १४५० | ५० |
| ५. | Vitamine B complex | ५००० | ३००० | ८००० | ८००० | ० |
| ६. | Ferrous Sulphate | ० | २०००० | २०००० | १५००० | ५००० |
| ७. | Cipro 500 mg | ६००० | २५०० | ८५०० | ८००० | ५०० |
| ८. | paracetamole 500 mg | ५००० | २१००० | २६००० | २३००० | ३००० |

**सामाजिक सुरक्षातर्फ**

४९. **सफ्टवेयर प्रणाली** - सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।

५०. **लाभग्राहीको विवरण प्रविष्टि गर्ने** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहीको विवरण प्रविष्टि गर्ने सम्वन्धमा, नाम दर्ता र नवीकरणवाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुण मसान्तभित्र विभागले संचालनमा ल्याएको व्यवस्थापन सुचना प्रणली (एम.आइ.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गर्ने कार्य सामान्यतः सम्वन्धित वडा कार्यालयको हुनेछ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानीय तहले उपयुक्त र आवश्यक व्यवस्था गर्नेछ भन्ने व्यवस्था भएकोमा सो नगरि एम.आई.एस प्रणालीको विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले वितरित रकम सहि हो भनि एकिन गर्न सकिएन ।

५१. **परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन।

५२. **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।

५३. **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

| | | |
|---|---|---|
| ५४. | **नगद भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानिय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्दा नगद नै वितरण गरेको पाइएकोले सो नियम संमत देखिएन । | |
| ५५. | **कर्मचारीलाइ पेश्की उपलब्ध गराइ भत्ता विवरण** - कार्यविधिको दफा १६ मा स्थानीय तहले सम्वन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र,दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तोकिएको समयभित्र वितरण गरेको पाइएन । गाउँपालिकाले कार्यविधिले तोकेको अवधि भित्र सामाजिक सुरक्षा भत्ता पेश्की उपलब्ध गराउने र वडा कार्यालयले लाभग्राहिहरुमा वितरण गरि तोकिएको अवधि भित्रै पेश्की फछ्र्यौट गर्नु पर्दछ । | |
| ५६. | **पेश्की फछ्र्यौटको अवस्थाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ देखि ८४ सम्म पेश्की सम्बन्धी व्यवस्था छ। सो बमोजिम तोकिएको समयभित्र पेश्की फछ्र्यौट नगर्नेलाई कारबाही गर्ने सम्मको प्रावधान रहेको छ।सामाजिक सुरक्षा भत्ता वितरणमा पहिलो र दोश्रो चौमासिकमा लिइएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट नगर्ने तथा फछ्र्यौटका लागि म्याद थप समेत गरेको नदेखिएको तथा एउटा कामको लागि लिएको पेश्की फछ्र्यौट नहुँदै थप पेश्की लिने एवं आ.व.को शुरुमा लिएको पेश्की समेत आ.व.को अन्त्यमा मात्र फछ्र्यौटका लागि पेश गरेको देखिँदा बजेट तथा कार्यक्रमले लक्षित गरेको उपलब्धी समेत हुन नसक्ने देखिन्छ।पेश्की माथि पेश्की दिने प्रचलनलाई नियन्त्रण गरिनु पर्छ साथै पेश्की रकम समयमै फछ्र्यौट गर्ने गराउने व्यवस्था पालना गरिनु पर्दछ। | |
| ५७. | **सामाजिक सुरक्षा भत्ता बढी निकासा –** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । कार्यविधिको दफा १५(१) मा प्रत्येक स्थानीय तहले दफा १३ बमोजिम एम.आ.इ.एस.मा प्रविष्ट भएका लाभग्राहीहरुको अद्यावधिक प्रविष्ट वा प्रमाणित विवरणका आधारमा को.ले.नि.का.बाट नियमानुसार निकासा प्राप्त गर्ने भनी व्यवस्था रहेको छ।गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी MIS मा प्रविष्ट नभएका लाभग्राहीलाई भत्ता वितरण गरेको छ।अतः वडाहरुको गाउँपालिकाले नै छानवीन गरि आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा सो असुल गर्नुपर्ने रु. | १०७८४०० |

| वडा नं.१ | | | | | |
|---|---|---|---|---|---|
| **भत्ताको किसिम** | **वितरण संख्या** | **एम.आइ.एस.संख्या** | **बढि संख्या** | **दर** | **बढि वितरण** |
| ज्येठ नागिरक भत्ता अन्य | २२७ | २२२ | ५ | १२००० | ६०००० |
| एकल महिला | २७ | १७ | १० | ८००० | ८०००० |
| पुर्ण अपाङ्ग भत्ता | ९ | ८ | १ | १२००० | १२००० |
| **जम्मा** | | | | | **१५२०००** |
| **वडा नं.२** | | | | | |
| ज्येठ नागिरक भत्ता अन्य | २४१ | २१४ | २७ | १२००० | ३२४००० |
| एकल महिला | ५२ | ३७ | १५ | ८००० | १२०००० |
| **जम्मा** | | | | | **४४४०००** |
| **वडा नं.३** | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ज्येठ नागिरक भत्ता अन्य | १६१ | १५४ | ७ | १२००० | ८४००० | |
| | ज्येठ नागिरक भत्ता दलित | १६ | १५ | १ | ८००० | ८००० | |
| | अति अशक्त अपाङ्ग | १५ | ५ | १० | ६४०० | ६४००० | |
| | **जम्मा** | | | | | **१५६०००** | |
| | **वडा नं.४** | | | | | | |
| | ज्येठ नागिरक भत्ता अन्य | २३१ | २१७ | १४ | १२००० | १६८००० | |
| | अति अशक्त अपा | १४ | ११ | ३ | ६४०० | १९२०० | |
| | **जम्मा** | | | | | **१८७२००** | |
| | **वडा नं.५** | | | | | | |
| | ज्येठ नागिरक भत्ता अन्य | २६३ | २५३ | १० | १२००० | १२०००० | |
| | अति अशक्त अपा | ९ | ६ | ३ | ६४०० | १९२०० | |
| | **जम्मा** | | | | | **१३९२००** | |
| | **कुल जम्मा** | | | | | **१०७८४००** | |
| | **कोभिड–१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन** | | | | | | |
| ५८. | कोरोना (कोभिड १९) नियन्त्रण र व्यवस्थापन कार्यका लागि स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन गरी रु.२३२५०००. र पदाधिकारी र कर्मचारी तलबबाट रु. ७७४९४२ गरी रु.३०९९९४२ आम्दानी भएको देखिन्छ भने खर्च तर्फ राहत वितरणमा रु.८१५०४४, क्वान्र्टाइन व्यवस्थापनमा रु.२६११६७, जनशक्ति परिचालनमा रु.१६३१००, औषधि एवं स्वास्थ्य उपकरणमा रु. ३७५००, पूर्वाधार निर्माणमा रु.१०५०००, अन्य शिर्षकमा रु.५००००. गरी कुल रु.१४३१८११ खर्च भई रु.१६६८१३१ मौज्दात भएको देखिन्छ । | | | | | | |
| ५९. | **प्रोत्साहन भत्ता -** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७ (ङ) मा कन्टयाक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्ति, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न जनशक्तिलाई जोखिम भत्ता प्राप्त गर्न सक्ने व्यवस्था छ । पालिकाले यस बर्ष कर्मचारीहरुलाई जोखिम भत्ता वापत रु ५५६७२४।५० खर्च गरेको देखियो । विशेष परिस्थितिमा कार्य गरेको भनि स्वास्थ्यका २४ र पालिकाका ३१ जना गरी कुल ४५ जना कर्मचारीहरुलाई गाउँपालिका अध्यक्षद्वारा मुल्याङ्कन अंक दिई कार्यपालिकाले निर्णय गरी कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिएको देखियो ।यसरी प्रोत्साहन भत्ता दिन पाउने आधार पेश हुनु पर्ने रु | | | | | | ५५६७२४।५० |
| ६०. | **ग ५.१ स्थानीय विविध कोषतर्फः**<br>**५-२०७७/२/२८** गा.पा.वार्ड नं.१,२ र ३ मा छायाङकुटीबाट पुखुवासम्म सतजल कम्पनीले बाटो विस्तार क्रममा वालिनालिको क्षतिको क्षतिपुर्तीका लागि जिल्ला प्रसासन कार्यालय संखुवासभाबाट २०७७/३/२३ मा नामनामेसी अनुसारका व्यक्तिलाई वुझाई भरपाई पठाउन रु.१०८९९८५ पठाएकोमा ना.प.स्वा.प्रा.सजन विश्वकर्मालाई पेश्की उपलब्ध गराइएकोमा २०७७/३/३१ मा रु.१०७२३७० को वितरण गरी रु.१७६१५ जि.प्र.कार्यालयका ले.पा.केशव पोखेललाई २०७७/४/२२ मा नगद बुझाएको देखिन्छ।उक्त खर्चको लेखापरीक्षण सम्बन्धित कार्यालयमा भए नभएको र नगद रकम सम्बन्धित खातामा दाखिला भए नभएको विवरण पेश हुनु पर्ने देखिन्छ। | | | | | | |
| ६१. | **म्याद थपः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परि खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद थप निवेदन प्राप्त भएपछि निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने व्यवस्था । निम्न ठेक्का सझौताहरुको म्याद थप गर्दा मनासिव कारण उल्लेख नगरिएको र हर्जना नलिइ थप गरेको देखियो । | | | | | | |

| आ.ब. | ठेक्का नं. | ठेकेदार | कार्य | सझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति | सम्झौता रकम | यो बर्ष सम्मको भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ०७६-०७७ | CRM/W/NCB/01/076-077 | Arun Barun Nirman Sewa Sankhuwasabha | Construction of ward no 1 office building of chichila Rural Municpality | ११/२९/२०७६ | ३/२९/२०७७ | ९/३०/२०७७ | ६,२३७,४१८.८० | २,२६६,५७०.७५ |
| ०७६-०७७ | CRM/W/NCB/02/076-078 | Sunkoshi/Haleshi JV | Construction of ward no 3 office building of chichila Rural Municpality | १२/४/२०७६ | ३/२९/२०७७ | ९/३०/२०७७ | ७,३५७,२३४.५५ | १,२७५,०००.०० |

६२. **अधुरा आयोजनाः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ ।यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी सम्झौता अवधि सम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

| क.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति (आ.व. ०७६/०७७) |
|---|---|---|---|---|---|---|
| 1 | Construction of ward no 1 office building of chichila Rural Municpality | Arun Barun Nirman Sewa Sankhuwasabha | ११/२९/२०७६ | ९/३०/२०७७ | २,२६६,५७०.७५ | ४०.००% |
| 2 | Construction of ward no 3 office building of chichila Rural Municpality | Sunkoshi/Haleshi JV | १२/४/२०७६ | ९/३०/२०७७ | १,२७५,०००.०० | १५.००% |
| 3 | " Procurement of Fabricated Steel Parts " CRM/W/TB/SQ/01/076-077 | Agro Engineering Works Pvt.ltd | १०/२३/२०७७ | | | |
| 4 | " Kagate Khaling Gaun Khanepani Nirman Yojana (Scheme -1 ,Kagate)" CRM/W/SQ/02/076-077 | Rani Dhunga Nirman Sewa | ३/२/२०७७ | ३/३०/२०७७ | १,६९६,६०६.४५ | ९०.००% |
| 5 | " Kagate Khaling Gaun Khanepani Nirman Yojana (Scheme -2 ,Khaling Gaun)" CRM/W/SQ/03/076-077 | Rani Dhunga Nirman Sewa | ३/२/२०७७ | ३/३०/२०७७ | १,४३७,२७१.२४ | ८०.००% |

६३. **पेश्की बाँकीः** प्रदेश आर्थिक कार्यविधी नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौंट हुन बाँकी रहेको पेश्की जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । निम्न बमोजिम पेश्कीको विवरण प्राप्त भएको तर म्याद नाघेको र ननाघेको छुट्टिन नगएकोले म्याद नाघेको पेश्की फछ्यौंट गर्नुपर्ने रु. ५६३७८२९

| पेश्की विवरण | पेश्की लिने व्यक्ति/संस्था | पेश्की मिति | पेश्की रकम | अवधि |
|---|---|---|---|---|
| बिमा तथा नवीकरण खर्च | उज्वला बस्नेत | २०७७/३/१७ | १५०००० | म्याद नाघेको |
| वडापालिका भवन निर्माण वडा नं. ३ | सुनकोशी हलेसी जे.भि. | २०७७/२/१५ | १२७५००० | म्याद नाघेको |
| गाउँपालिकाको प्रशासकीय भवन | कुन्सालिङ अरुण बरुण जे.भि. | २०७७/३/३० | १८०२८२९ | म्याद नाघेको |
| गाउँपालिकाको प्रशासकीय भवन | कुन्सालिङ अरुण बरुण जे.भि. | २०७७/३/१७ | २४१०००० | म्याद नाघेको |
| **जम्मा** | | | ५६३७८२९ | |

६४. **धरौटी विवरणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धि कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. ७६/७७ सम्म धरौटी खातामा मौज्दात रहेको रु. १३४५६६३।०० जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ ।

६५. **वित्तिय उत्तरदायित्व जिम्मेवारी र जवाफदेहिताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ मा कार्यालयले तयार गर्नुपर्ने वित्तिय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न भनि तोकिएको

| | | |
|---|---|---|
| | समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । सुशासन ऐन, २०६३ एवं नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ वमोजिम प्रशासनले पालना गर्नुपर्ने वित्तिय जवाफदेहिता बहन गर्नुपर्दछ । कार्यालयले पूर्ण जवाफदेहिताको लागि वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनको लागि थप प्रयास गर्नुपर्ने देखिन्छ । | |
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु** | |
| ६६. | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९५ (३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था भएकोले आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु फछ्र्यौट गर्नुपर्ने रु | १११९१०२.१८ |

| **गो.भौ.नर मिति** | **स्रेस्ता परीक्षणबाट देखिएको व्यहोरा(बेरुजु) चिचिला गाउपालिकाको** | **रकम** |
|---|---|---|
| **गाउँपालिका चालु खर्च तर्फः** | | |
| विभिन्न | कार्यालयका सहायक पाँचौं लेखापाल श्री अरविन्द कुमार झाले बन्दाबन्दीको समयमा विभिन्न मितिमा कार्यालयबाट खाँदवारीसम्म भ्रमण गर्दा सार्वजनिक यातायात प्रयोग गरेको भनी भुक्तानी लिएको भ्रमण खर्चको रकम नियम सम्मत नदेखिएको हुँदा असुल उपर गरी कार्यालयको संचितकोष खातामा दाखिला गर्नु पर्ने देखिएको | २१००। |
| | १. ०७७।१।९ देखि १० चिचिला—खाँदवारी—चिचिला रु. ७००।० | |
| | २. ०७७।१।२४ देखि २५ चिचिला—खाँदवारी—चिचिला रु. ७००।० | |
| | ३. ०७७।२।६ देखि ९ चिचिला—खाँदवारी—चिचिला रु. ७००।० | |
| | जम्मा रु. २१००।० | |
| विभिन्न | कार्यालयले विभिन्न सूचना प्रकाशन वापतको रकम भुक्तानी गर्दा प्रतिलिपि विल विजक संलग्न गरी रकम भुक्तानी गरेको देखिएको हुँदा सक्कल विल विजक संलग्न गरी श्रेष्ता अद्यावधिक गर्नु पर्ने अन्यथा असुल उपर गर्नुपर्ने देखिएको: | २०९९६५। |
| | १) १२९,२०७७।२।२५ चब्ष्लदयध ाभमष्ब ९ए० ीतम को मिति २०७७।२।२० विजक नं. ५३३ बाट रु. १०२१९७।० | |
| | २) १५२,२०७७।३।७ शुभदिन एडभरटाइजिङ प्रा.लि. रु. १०७७६८।० | |
| विभिन्न | संघीय संरचना अनुरुप तीनै तहको आर्थिक कारोवार सञ्चालनका लागि महालेखा नियन्त्रक कार्यालयबाट जारी भएको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ (दोश्रो परिमार्जन) बमोजिम गर्नु पर्दछ । कार्यालयले निम्नलिखित मेशिनरी औजार तथा कार्यालय सम्बन्धी खर्चहरु सम्बन्धित खर्च शीर्षकबाट भुक्तानी गर्नुपर्नेमा खर्च शीर्षक नं. २२७११ विविध खर्चबाट भुक्तानी गरेको देखिएको हुँदा उक्त खर्च नियमित हुनु पर्ने देखिएको रु. | ४०६६८६। |
| | **भौ.नं. १४९, २०७७।०३।०७** | |

| **सामानको नाम** | **विल विजक नं. र मिति** | **रकम रु** | **फर्मको नाम** |
|---|---|---|---|
| ल्यापटप | १६९,०७७।३।४ | ८००००।० | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स |
| क्याट सिक्स वायर | ८९,०७६।१२।२ | १३७८६।० | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स |
| डेल कम्प्युटर | ८८,०७६।१२।२ | ६००००।० | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स |
| ल्यापटप | १३६,०७७।२।१० | ८००००।० | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स |

| सामानको नाम | विल विजक नं. र मिति | रकम रु | फर्मको नाम | |
|---|---|---|---|---|
| भिभो मोवाइल | १७०,०७७।३।४ | ९९४५०।० | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | |
| राउटर/फाइवर केवल | १९,०७६।११।१७ | ७३४५०।० | साकार इन्टरप्राइजेज | |
| जम्मा रु. | | ४०६६८६। | | |
| **भौ.नं. १६४, २०७७।०३।१५** | | | | |
| **सामानको नाम** | **विल विजक नं. र मिति** | **रकम रु** | **फर्मको नाम** | |
| ल्यापटप | १६९,०७७।३।४ | ८००००।० | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | ८००००। |

| | | |
|---|---|---|
| १५२— २०७७ ।३।७ | कुनै खर्च शीर्षकमा विनियोजित रकम अपुग हुने भएमा नियमानुसार रकमान्तर स्वीकृत गराइ खर्च गर्नु पर्दछ । कार्यालयले पानी तथा विजुली महसुल खर्च शीर्षक नं. २२१११ बाट वल्डलिंक कम्युनिकेशन प्रा.लि. लाई इन्टरनेट महसुल वापतको विल संलग्न गरी रकम भुक्तानी दिएको देखिएको हुँदा उक्त खर्च समर्थन गराई नियमित गराउनु पर्ने देखिएको रु. | ६१०४९। |
| **गाउँपालिका पूँजीगत तर्फः** | | |
| विभिन्न | गाउँपालिका अन्तर्गत उपभोक्ता समिति मार्फत सञ्चालित निम्न योजनाहरुको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्दा पेश गरेको विल भर्पाइको अध्ययन गर्दा विल विजकमा उल्लेख भएको विजक नं. केरमेट गरी हस्तलिखित विजक नं. जारी भएको विलबाट रकम भुक्तानी दिएको देखिएकोले भुक्तानी गरेको मूल्यअभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने देखिएकोः | |
| | १) १२३, २०७७।३।२६ ३ नं. वडा कार्यालय जाने ट्रयाक ओपन उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा रानीढुंगा निर्माण सेवा प्रा.लि. खाँदवारी ३ को विजक नं. ०२९ लाई काटी ५४ उल्लेख भएको विल विजकबाट रु. २०८४८५०।०० भुक्तानी गर्दाको मूल्य अभिवृद्धी कर रु. २३९८५०।० | २३९८५०। |
| | २) १२६, २०७७।३।२६ आहाले ज्यामिरे सडक निर्माण उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा रानीढुंगा निर्माण सेवा प्रा.लि. खाँदवारी ३ को विजक नं. ०३० लाई काटी ५५ उल्लेख भएको विल विजकबाट रु. २६१७१८।२८ भुक्तानी गर्दाको मूल्य अभिवृद्धी कर रु. ३०१०९।१८ | ३०१०९।१८ |
| **संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम तर्फः** | | |
| विभिन्न | नेपाल सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमको रकम आ.व. को अन्तसम्ममा खर्च नभई बाँकी रहेमा पालिकाको संचितकोष खाता मार्फत सम्बन्धित सरकारको संचितकोष खातामा फिर्ता गर्नु पर्दछ । कार्यालयले यस आ.व. मा संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमतर्फ विनियोजित रकम रु. ७,३७,१९,०००।० बाट निकासा भएको रकम रु. ७,३०,०९,०००।० मध्ये खर्च भएको रकम रु. ६,१६,७४,९४८।० कटाई बाँकी रकम रु. १,१३,३४,०५२।० संघीय संचितकोष फिर्ता गर्नुपर्नेमा रु. १,१०,८४,०५२।० मात्र फिर्ता गरेको देखिएको हुँदा बाँकी रकम रु. २,५००।० संघीय संचितकोषमा फिर्ता गर्नु पर्ने देखिएको रु | २,५००। |
| **संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फः** | | |
| विभिन्न | हस्तलिखित विलको भुक्तानी ःः कार्यालयले निम्न योजनाहरुको रनिङ विलको रकम भुक्तानी गर्दा विल विजकमा उल्लेख भएको विजक नं. केरमेट गरी हस्तलिखित विजक नं. जारी भएको विलबाट रकम भुक्तानी दिएको देखिएकोले भुक्तानी गरेको मूल्यअभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने देखिएकोः | |

| | | | | |
|---|---|---|---|---|
| | | १) २०, २०७७।३।१७ रानीढुंगा निर्माण सेवा प्रा.लि. खाँदवारी ३ लाई कागते खालिङ गाउँ खानेपानी निर्माण योजना स्कीम नं. २ को प्रथम रनिङ विलको रकम भुक्तानी गर्दा विजक नं. ०२७ लाई काटी ५२ उल्लेख भएको विल विजकबाट रु. ६७११२८।८१ भुक्तानी गर्दाको मूल्य अभिवृद्धी कर रु. | ३८६०४। | |
| | | २) २०, २०७७।३।१७ रानीढुंगा निर्माण सेवा प्रा.लि. खाँदवारी ३ लाई कागते खालिङ गाउँ खानेपानी निर्माण योजना स्कीम नं. १ को प्रथम रनिङ विलको रकम भुक्तानी गर्दा विजक नं. ०२८ लाई काटी ५३ उल्लेख भएको विल विजकबाट रु. ८३८६२२।५६ भुक्तानी गर्दाको मूल्य अभिवृद्धी कर रु. | ४८२३९। | |
| | **प्रकोप व्यवस्थापन कोष तर्फः** | | | |
| | ६—२०७७।२।१८ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी ५ लाखभन्दा बढी रकमको निर्माण कार्य, मालसामान वा परामर्श सेवा एउटै व्यक्ति, फर्म, कम्पनीवा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भनी उल्लेख छ । कार्यालयले कोरोना भाइरस (कोभिड—१९) का कारण राहत वितरणका लागि भनी निम्न फर्मबाट सीमाभन्दा बढीको सोझै खरिद गरेको नियमित मान्न सकिएनः<br>१.सुदिप ट्रेड एण्ड सप्लायर्स, खाँदवारी रु. ८,१६,९९९।० (चामल १२००० किलोग्राम, नुन २५०० किलोग्राम र रिफाइन तेल ५०० लिटर) | | |
| ६७. | **अनुगमन तथा मूल्याङ्कन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछर्यौट गर्ने व्यवस्था गरेको छ ।सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछर्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्ष देखिको अध्यावधि बेरुजू लगत खडा गरेको देखिएन। | | | |
| ६८. | **संचित कोष र वेरुजुको स्थितिः** पालिकाको संचित कोषको विवरण, बेरुजु (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) बर्गिकरण र अद्यावधिक बेरुजु स्थिती क्रमशः अनुसुची १, अनुसुची २ र अनुसुची ३ मा समावेश गरिएको छ । | | | |

## चिचिला गाउँपालिका, संखुवासभाको सञ्चित कोष विवरण -अनुसुची १

२०७६।७७ (रु.हजारमा)

| स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| चिचिला गा.पा. | संखुवासभा | ४९२२८४ | १०६४२ | २.१६ | ४२८९४ | १७५१५५ | २६५४५ | १०८४५ | ३७६७९ | २५०२२४ | १३२४७८ | ८६५२४ | २९०३६ | २४८०३८ | ४५०८० |

## बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार) अनुसुची २

२०७६।७७ (रु.हजारमा)

| स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| चिचिला गा.पा. | संखुवासभा | ६२ | १३ | १०६४२ | ० | ० | ० | ६२ | १३ | १०६४२ | १२४८ | १२९२ | २४६४ | ० | ० | ३७५६ | १५० | ५४८८ | ५६३८ |

## अद्यावधिक बेरुजु स्थिति अनुसुची ३

२०७६।७७ (रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी वेरुजु | समायोजन | गत बर्ष सम्मको यथार्थ वेरुजु | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | सं.प.बाट कायम बेरुजु रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चिचिला गा.पा. | संखुवासभा | ४५२१७ | १ | ४५२१८ | ० | ० | ० | ० | ४५२१८ | ० | १०६४२ | ५५८६० | ७६९५ |